प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्याः २०८२/०८३

चलानी नम्बरः

**प्रकाशित मितिः २०८२/०९/१८**

**विषयः** तह वृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा प्रदेश निजामती सेवा ऐन, २०७९ (संशोधन सहित) को दफा ३० को उपदफा (१) बमोजिम र प्रदेश निजामती सेव नियमावली, २०८१ को नियम ५२ बमोजिम पाँचौ तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धिका लागि तपसिल बमोजिमको योग्यता पुगेका कर्मचारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस मन्त्रलयमा प्रदेश निजामती सेवा नियमावली २०८१ को अनुसूची २० बमोजिमको ढाँचामा निवेदन पेश गर्नु हुन सूचित गरिन्छ।

**आवश्यक योग्यताः**

क. तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

ख. पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्रास गरेको।

ग. सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा छैटौं तहको पदका लागि प्रविणता प्रमाण पत्र तह वा काक्षा १२ वा सो सरह र आठौं तहको पदका लगि स्नातक वा सो सरह र दशौं तहको पदका लागि स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको।

**आवश्यक कागजातहरुः**

१. प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५२ को उपदफा ३ बमोजिमका कागजातहरु संलग्न गर्नु पर्ने।

फोन नं. ०२१-४७४०८३, ईमेलः-mopid.province1@gmail.com, वेवसाइट- https://mopid.koshi.gov.np/